# नेपाली कम्युनिष्ट पार्टी
## Nepali Communist Party
केन्द्रीय कार्यालय Central Office

**विषयः प्रेस विज्ञप्ती ।**

नेपाली कम्युनिष्ट पार्टी, केन्द्रीय कार्यसंयोजन समितिको पहिलो बैठक मिति २०८२ साल चैत्र १९ गते सुरु भई दश दिन सञ्चालन भएर २०८३ बैशाख १४ गते सम्पन्न भयो। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा पार्टीका संयोजक क. पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको बैठकको सञ्चालन सह-संयोजक क. माधव कुमार नेपालले गर्नुभयो । पार्टी एकीकरण पश्चात गठन भएको कार्यसंयोजन समितिको पहिलो बैठकले पार्टीको वैचारिक, सांगठनिक तथा समसामयिक राजनीतिक बिषयमा महत्वपूर्ण निर्णयहरु गर्नुका साथै समसामयिक प्रस्तावहरु पारित गरेको छ ।

१. २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पार्टीले व्यहोरेको परिणामसमेतका बिषयमा पार्टी केन्द्रीय कार्यसंयोजन समितिको बैठकमा पार्टी संयोजक कमरेडले प्रस्तुत गर्नु भएको निर्वाचन समिक्षा प्रतिवेदनमाथि व्यापक रुपमा छलफल भयो । वैठकमा प्राप्त भएका सुझावहरु समेटेर परिमार्जन र पुनर्लेखनसहित निर्वाचन समिक्षा प्रतिवेदन पारित गरिएको छ ।

२. **पार्टीको तत्कालीन कार्ययोजनाको रूपरेखा**

(क) वैचारिक, राजनीतिक, सांगठनिक र सांस्कृतिक स्पष्टतासहित पार्टी पुनर्गठनको प्रक्रियालाई अगाडी बढाउदै आगामी मंसिर दोस्रो हप्ता आयोजना हुने पार्टीको एकता राष्ट्रिय महाधिवेशनबाट पूर्णता दिइने छ।

(ख) पार्टीको वडादेखि केन्द्रसम्मका सबै कमिटीहरू निर्वाचित हुनेछन् र समानुपातिक समावेशी मान्यताअनुसार कमिटी निर्माण हुने छन्। निर्वाचित कमिटीहरूमा अनुभवी, प्रौढ र युवा तथा नव-युवाहरूको समावेशिता रहनेछ, जसमा युवा र नव-युवाहरूको प्रतिनिधित्व ५०% सम्म पुऱ्याइने छ ।

(ग) पार्टी पुनर्गठनको उपरोक्त प्रक्रियासँगै सिङ्गो कम्युनिष्ट आन्दोलनको पुनर्गठन र एकीकृत कम्युनिष्ट पार्टी निर्माणको लागि विशेष पहल गरिने छ।

(घ) नेपालको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर तथा देशभक्त शक्तिहरूका बीचमा राष्ट्रिय स्वाधीनता र लोकतन्त्रको रक्षा एवं सुदृढीकरणको उद्देश्यसहित साझा समझदारी कायम गर्दै सडक र सदन दुवै मोर्चाबाट सशक्त भूमिका निर्वाह गरिने छ ।

(ङ) अन्तर्राष्ट्रिय क्षेत्रको कामलाई वैचारिक, राजनीतिक र कूटनीतिक रुपमा ठोस ढंगले अगाडि बढाइने छ ।

(च) सिङ्गो पार्टी पङ्तिलाई नियमित रुपमा उत्पादन तथा श्रम कार्यमा जोड्ने अभियान सञ्चालन गरिने छ।

३. पार्टी तथा जनवर्गीय/मोर्चा संगठनहरुको एकीकरण तथा समायोजन अन्तर्गत केन्द्र, प्रदेश, जिल्ला, स्थानीय पालिका, वडा तथा टोल तहसम्मको संगठनात्मक समायोजन प्रक्रिया २०८३ जेठ मसान्तसम्ममा सम्पन्न गरिने छ।

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन :९७७-१-४६१२२८७, ४६१२२८८, ४६१२२९० Email: ncpchq@gmail.com

**४. पार्टीका विभिन्न तहका अधिवेशन तथा एकता राष्ट्रिय महाधिवेशनको कार्यतालिका निम्नानुसार पारित गरिएको छः**

| **क्र.स** | **मिति र अवधि** | **कार्यक्रम** |
|---|---|---|
| १ | २०८३ असार र साउन मसान्तसम्म | पार्टी सदस्यता नवीकरण तथा नयाँ सदस्यता विस्तार अभियान सञ्चालन गर्ने |
| २ | २०८३ भदौ १५ गतेसम्म | वडा तहका अधिवेशन सम्पन्न गर्ने |
| ३ | २०८३ भदौ १६ गतेदेखि भदौ मसान्तसम्म | पालिका तहका अधिवेशन सम्पन्न गर्ने |
| ४ | २०८३ असोज मसान्तसम्म | जिल्लास्तरका अधिवेशन सम्पन्न गर्ने |
| ५ | २०८३ कार्तिक १५ सम्म | प्रदेशस्तरका अधिवेशन सम्पन्न गर्ने |
| ६ | २०८३ मंसिर ११-१५ सम्म | एकता राष्ट्रिय महाधिवेशन काठमाडौंमा आयोजना गर्ने |

- पार्टीको सबै तहका अधिवेशन तथा एकता राष्ट्रिय महाधिवेशन सम्बन्धी दस्तावेज, प्रतिवेदन तथा कार्यविधिहरुको तयारी केन्द्रीय कार्यसमिति बैठकको निर्णयवाट गरिने छ ।

**५.** बैठकले अन्तरिम विधान-२०८२ अनुसार पार्टीको केन्द्रीय कार्यसमितिलाई पूर्णता दिने निर्णय गरेको छ।

**६.** नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट निम्न व्यक्तिहरु रहनेगरी संविधान संशोधन सुझाव कार्यदल गठन गरिएको छः

१. देव गुरुङ
२. प्रकाश ज्वाला
३. प्रेमबहादुर सिंह
४. रनध्वज लिम्वु
५. रेखा शर्मा
६. गणेश विश्वकर्मा
७. वरिष्ठ अधिवक्ता डा. मुक्ति नारायण प्रधान
८. वरिष्ठ अधिवक्ता डा. खिमलाल देवकोटा
९. डम्बर विक्रम कार्की
१०. अधिवक्ता जगदेव चौधरी
११. डा. रामबहादुर चौधरी

**७.** बैठकले १९ वटा समसामयिक प्रस्तावहरु पारित गरेको छ ।

**मितिः २०८३ बैशाख १९ गते**

.....................
प्रकाश ज्वाला
प्रवक्ता
नेपाली कम्युनिष्ट पार्टी

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन :९७७-१-४६१२२८७, ४६१२२८८, ४६१२२९० Email: ncpchq@gmail.com